
फरक रङ र स्वादका चेरी। पृष्ठ ५ मा



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com
खबरपत्रिका साप्ताहिक

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

● मकवानपुर, वर्ष-१४, ● अंक-०४ ● २०७८ साउन २५ गते सोमबार, ● 09 Aug. 2021, ● नेपाल सम्वत्-११४१, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## बज्रवाराहीबाट १३ मूर्ति चोरी, नौखण्डेमा फेला पर्‍यो



◆ विकास संवाददाता

थाहा नगरपालिकाको बज्रवाराहीबाट प्रख्यात बाराहीलगायत विभिन्न १३ देवीदेवताका मूर्ति चोरी भएको छ । चोरी भएका मूर्ति थाहा-१० नौखण्डे चोकमा भेटिएको छ ।

थाहा नगरपालिका ६ स्थित धामी सुनिलकुमार महर्जनको घरमा राखिएका मूर्तिहरू २० साउन विहान २ बजे चोरी भएको प्रहरीले जनाएको छ । चोरी भएको खबर पाएपछि इलाका प्रहरी कार्यालय पालुङ र चित्लाङका प्रहरी परिचालन गरिएको थियो । प्रहरी परिचालन भएपछि चोरी भएका मूर्तिहरू थाहा नगरपालिका १० नौखन्डे चोकमा कालो झोलामा पोका पारेको अवस्थामा फेला परेको पालुङ प्रहरीले जनाएको छ ।

चोरी भई फेला परेका मूर्तिहरू धामी सुनिल कुमार महर्जनलाई नै जिम्मा लगाइएको छ । चोरी भएका मुर्तिहरूमा बाराही, गणेश, कुमारी, इन्द्रायणी, भैरव, ख्याग, बेतालगायतका छन् । दुईवटा ढकीमा कपडाले पोको पारेर राखिएका मूर्तिहरू ३ जनाको समूहमा आएका चोर हरूले धामीकी श्रीमती कान्छी महर्जनको आँखामा खुर्सानीको धुलो छ्यापेर चोरी गरी भागेका थिए ।

ती मूर्तिहरू ३ वर्षे जात्रामा धामीको घरबाट विधिवत रूपमा मन्दिर मा लगेर पूजा गरिन्छ । करिव ६०-७० वर्ष अगाडि प्राचीन मूर्तिहरू चोरी भएपछि हालका मूर्तिहरू ल्याइएको थियो ।

## थाहामा नेपाल राष्ट्रिय शिक्षक संगठनको कार्यक्रम



◆ विकास संवाददाता

नेपाल राष्ट्रिय शिक्षक संगठन थाहा नगर कमिटीको आयोजनामा समसामयिक सवालमा बिचार गोष्ठी तथा सहयोग रकम हस्तान्तरण कार्यक्रम र तेस्रो बिस्तारित बैठक २० साउनमा सुनौलो बिकास केन्द्र कुन्छालमा सम्पन्न भएको छ । कार्यक्रममा लामो समयदेखि क्यान्सर रोगको उपचार गराउदै आएका इन्द्रायणी माविका शिक्षक नवराज अर्याललाई सहयोग रकम रू. १ लाख १३ हजार ८५० हस्तान्तरण गरिएको थियो । कार्यक्रम नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुरका अध्यक्ष श्रीराम दाहालको प्रमुख आतिथ्यता र हेटौंडा नगर कमिटी अध्यक्ष मुकुन्द न्यौपानेको विशेष आतिथ्यता मा भएको हो ।

सो अवसरमा नेपाल शिक्षक महासंघ थाहानगरका सचिव गणेशमान श्रेष्ठ, जिल्ला सदस्य वीरमान स्याङ्तान, जिल्ला सदस्य नवराज अर्याल लगायत थाहा नगर कमिटीका सदस्यहरूको उल्लेख्य उपस्थिति रहेको थिय । नेरासिसं थाहानगर अध्यक्ष रूपचन्द्र गोपालीको सभाध्यक्षतामा भएको कार्यक्रम सचिव कृष्णप्रसाद लामिछानेले सञ्चालन गरेका थिए ।

## अधिकारी भए प्रदेश च्याम्पियन

◆ विकास संवाददाता

नेपाल विद्युत प्राधिकरणको ३६ औ बार्षिक उत्सवको अवसरमा बागमती प्रदेश डिभिजन कार्यालय हेटौंडाले आयोजना गरेको ब्याडमिन्टन प्रतियोगितामा पालुङ वितरण केन्द्रका प्रमुख विनोद अधिकारी प्रथम भएका छन् ।

प्रतियोगिताको पुरूष तर्फको एकल खेलमा पालुङ वितरण केन्द्रका विनोद अधिकारी प्रथम भएका हुन् । प्रतियोगितामा कुलेखानी तेस्रोका नारायण बखरेल दोस्रो र रत्ननगर टाँडी वितरण केन्द्रका भोजराज बराल तेस्रो भए । बागमती प्रदेश डिभिजन अन्तरगत नेपाल विद्युत प्राधिकरणका विभिन्न कार्यालयको सहभागितामा ब्याडमिन्टन प्रतियोगिता सम्पन्न भएको हो । प्रतियोगितामा बिभिन्न कार्यालयका २७ टिमको सहभागिता रहेको ब्याडमिन्टन प्रतियोगिताका संयोजक ईन्जिनियर प्रितमराज विष्टले बताए ।



प्रतियोगिताको महिला तर्फ डिभिजन कार्यालयका शर्मिला राना प्रथम, भरतपुर वितरण केन्द्रका संगिता शर्मा दोस्रो र रत्ननगर टाँडी वितरण केन्द्रका देवी कोइराला तेस्रो भएका छन् । पुरूष डवल प्रतियोगितातर्फ कुलेखानी तेस्रो जलविद्युत केन्द्रका २ टिम प्रथम र दोस्रो ,कुलेखानी प्रथम जलविद्युत केन्द्रका टिम तेस्रो भएको प्रतियोगिताका संयोजक विष्टले जानकारी दिए ।

## सुमो दुर्घटना

◆ विकास संवाददाता

मकवानपुरको इन्द्रसरोवर गाउँपालिका वडा नम्वर २ मा २४ साउन दिउँसो सुमो दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । काठमाडौंबाट वीर गञ्जतर्फ जाँदै गरेको ना १ ज २११४ नम्वरको सुनौलो यातायातको सुमो इन्द्रसरोवर-२ सिमखोलामा आफै अनियन्त्रित भई सडकबाट ५० मिटर तल खसेर दुर्घटना हुँदा चालकको मृत्यु भएको इलाका प्रहरी कार्यालय भीमफेदीले जनाएको छ । प्रहरीका अनुसार, मृतकको हाल सनाखत हुन सकेको छैन । उक्त सुमोमा चालकसहित ५ जना सवार थिए । तीमध्ये चालकको घटनास्थलमै मृत्यु भएको हो । त्यस्तै, सोही दुर्घटनामा परी अन्य चार जना घाइते भएका छन् । घाइते हुनेहरूमा भारतका ज्ञानाबाद जिल्ला बिहार प्रान्तका १४ वर्षीय रोनक कुमार, १७ वर्षीय शंकर कुमार, २० वर्षीय बिशाल कुमार र १८ वर्षीय शिबशक्ति कुमार रहेका छन् ।

## टौखेलमा बेवारिसे मोटरसाइकल

◆ विकास संवाददाता

थाहा नगरपालिका-१० टौखेलस्थित सडक छेउमा स्थानीयले बेवारिसे पल्सर मोटरसाइकल देखेपछि नजिकको चित्लाङ प्रहरी कार्यालयलाई खबर गरे । प्रहरीले सो मोटरसाइकल लगेर कार्यालयमा राख्यो । तर तीन दिनसम्म पनि मोटरसाइकल धनी सम्पर्कमा आएका छैनन् ।

अहिले इलाका प्रहरी कार्यालय चित्लाङमा रहेको सो बेवारिसे मोटर साइकल लिन कोही नआएको सो कार्यालयका प्रमुख प्रहरी नायव निरीक्षक होमबहादुर गोदारले जानकारी दिए ।




प्रमाणसहित मोटरसाइकल दावीका लागि आउन पनि उनले आग्रह गरेका छन् ।

कालो रङको सो मोटर साइकलको नम्बर बा ९६ प २४५९ रहेको छ ।

## व्यक्तिगत घटना दर्ता सम्बन्धी जरूरी सूचना !

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणीचौर, मकवानपुर

तपाईं हामी सबैले घरमै बसेर जनस्वास्थ्यका सबै मापदण्ड पालना गरे मात्र संक्रमितको संख्या घट्ने निश्चित हुन्छ । यसर्थ हामीले अतिकै सतर्कता अपनाउन जरूरी छ । निषेधाज्ञाका नियमहरू पालना गरौँ ।



कोभिड-१९ का कुनै पनि लक्षण देखिने बितिकै आइसोलेसनमा बसौँ
कोरोनाबाट आफू पनि सुरक्षित रहौँ, अरूलाई पनि सुरक्षित राखौँ




थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

# • सम्पादकीय •

## शैक्षिक सुधारको योजना बनाऊ

**यसपटक पनि विद्यार्थीले अध्ययन गरेकै विद्यालयले गरेको मूल्याङ्कनका आधारमा परीक्षा एसईई बोर्डले नतिजा प्रकाशित गरेको छ । विद्यालयले पठाएको जीपीएलाई प्रमाणित गरेर नतिजा सार्वजनिक गरेपछि कक्षा–११ भर्नाको बाटो खुलेको छ । गएको वर्ष पनि यस्तै प्रणाली अवलम्बन गरिएको थियो । विश्वव्यापी कोरोना महामारीका कारण गएको वर्ष समेत एसईईको परीक्षा सञ्चालन भएको थिएन । प्रवेशपत्र वितवरण गरिसकेपछि सरकारले परीक्षा रोकेको थियो । महामारी रोकथामका निम्ति परीक्षा रोक्नु परेको सरकारले तर्क गरेको थियो । तर तीन महिनासम्म परीक्षा हुन नसकेपछि विद्यालयले आन्तरिक मूल्याङ्कन मार्फत् पठाएको नतिजालाई नै प्रमाणित गरेर नतिजा सार्वजनिक गरिएको थियो । आन्तरिक मूल्याङ्कनका आधारमा गएको वर्ष एसईई गरेका विद्यार्थी अहिले कक्षा ११ मै छन् । कक्षा १२ को समेत परीक्षा रोकिएको अवस्थामा कक्षा ११ को परीक्षा हुने कुरै भएन । अब प्लस टू लेभलमा तीन वर्षका विद्यार्थी भेटिएका छन् । कोरोना महामारीकै कारण शैक्षिक क्यालेण्डर विग्रन पुगेको हो । एसईई, प्लस टू मात्रै नभएर स्नातक र स्नातकोत्तर तहको समेत शैक्षिक तालिका प्रभावित हुन पुगेको छ । यो भन्दा पनि महत्वपूर्ण विषय भनेको बालबालिकामा विकसित मनोविज्ञान हो । महामारीका कारण पठनपाठनको भौतिक उपस्थितिमा लगाइएको रोकले विद्यार्थीहरुमा चिन्ता बढेको छ ।**

**अझ महामारी रोकथाम गर्नका निम्ति अपनाइएको अनलाइन कक्षा प्रणालीले पनि विद्यार्थीहरुमा अर्को तनाव सिर्जना गरिदिएको छ । किनकि अनलाइन कक्षाका निम्ति दुर्गम क्षेत्रका विद्यार्थीहरुको सहज पहुँज छैन । शहरी क्षेत्र र उच्च वर्गका परिवारमा यसप्रति ठूलो समस्या नरहेपनि न्यून आय भएका र पीछडिएको वर्गमा यसको मार बढी छ । अझ यस्तो बेला सञ्चालित परीक्षाका नतिजालाई हेयका साथ विश्लेषण गर्ने र टिप्पणी गर्दा अझ उनीहरुमा लघुताभास उत्पन्न हुन सक्छ । त्यसैले यस्तो बेलामा अनुचित र हेय तरिकाले टिप्पणी गर्नु राम्रो हुन्न । किनकि एउटै परीक्षा कुनैपनि मानिसका निम्ति अन्तिम मानक होइन । भोलि फेरि अब्बल सावित गर्ने थुप्रै अवसर छदैछ । डेढ वर्षदेखि शिक्षामा अन्योलता सृजना हुँदा पनि सरकारले यसको उचित विकल्प निकाल्न सकेको छैन। यसले उच्च प्राथमिकतामा राख्नुपर्ने शिक्षा क्षेत्रप्रति राज्य नै उदासीन रहेको पुष्टि हुन्छ। शिक्षालाई सामाजिक आर्थिक रूपान्तरणको मूल विषयक्षेत्र मानिंदै आएको छ।**

**नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हकको व्यवस्था गरेको छ। राज्यको आर्थिक समृद्धि र सामाजिक न्यायसहितको समतामूलक समाज निर्माणका लागि गुणस्तरीय शिक्षाको सुनिश्चितताले दिगो शान्ति, असल संस्कृति, सामाजिक सहिष्णुताको विकासमा शिक्षाको अहं भूमिका रहनेमा दुई मत छैन। तर, एउटा महामारीले नै डेढ वर्षदेखि शिक्षा क्षेत्र डामाडोल बनाउँदा पनि विकल्पमा शिक्षा दिन नसक्नु दुःखद् कुरा हो। विद्यालय नखुल्दा बालबालिकामा नकारात्मक असर देखिन थालेको छ। यसले स्वास्थ्य अवस्था, हिंसा, बालश्रम तथा बालविवाहलगायत कैयौं दीर्घकालीन जोखिम निम्त्याउन सक्छ। त्यस्ता देशले गरेको प्रयोग र नेपालको अवस्थालाई मूल्यांकन गरी सरकारले यो समस्याको समाधान चाँडो खोज्नुपर्छ। हरेक समस्याको समाधान हुन्छ। त्यसैले शिक्षा क्षेत्रको समस्या समाधान गर्न अब ढिला गर्नु हुँदैन।**

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# त्यो सम्मान, त्यो 'अपमान

**डीबी नेपाली**

अधिकांश राजनीतिक दलको नेतृत्वले बोली एउटा व्यवहार अर्कै गर्दै आएका छन्। उनीहरूको जातिवाद, परिवारवाद मोह र नियुक्तिलाई हेर्दा प्रष्टै छ । बिडम्बना ! शिल्पी (कथित दलित)समुदायको गौरवशाली इतिहास बाहिर आएकै छैन । उनीहरूलाई जसरी बुझिन्छ, पढिन्छ, देखिन्छ, सुनिन्छ विगत त्यस्तो थिएन। जन्मसिद्ध अधिकार शिक्षाबाट वञ्चितीकरण गरेर अस्तित्व, इतिहास र पहिचान अन्यौलग्रस्त छ। यसबाट प्राज्ञिक क्षेत्र, बौद्धिक जमातउनीहरूको वास्तविकता भन्दा बाहिर रूमलिएका छन् । नेपालको राज्यसत्तामा शिल्पकौशलका धनी शिल्पी समुदायको विगत गौरवशाली रहेको पाइन्छ। उनीहरूको मौलिक शिल्पकौशल, संस्कृति, सम्पदा र सभ्यताबारे चर्चा भएकै छैन । जे जति भएका छन् ती अधुरा र अपुरा छन् । नेपालको प्रशासनिक इतिहासमा शिल्पीपुर्खाहरूले ज्यादै महत्वपूर्ण जिम्मेवारी पाएको पाइन्छ। पहिलेका शासकहरूले नियुक्तिका लागि अहिलेको जस्तो मोलमोलाइ गर्दैनथे। प्रशासनिक योग्यताको रूपमा सदाचार, इमान्दारिता र विश्वासयोग्य भए पुग्थ्यो। परम्परागत शिल्पकला, व्यवसायसँग सम्बद्ध पेशाको अख्तियारी दिइएको देखिन्छ।यसै सन्दर्भमा माझी, मिझार तथा दमाई, गाइने र भाँड जातिमा मिझार नियुक्ति दिइने गरिएको पाइन्छ। मिझार शब्दलाई शब्दकोशमा सार्कीलाई शिष्टतापूर्वक सम्बोधन गर्दा प्रयोग गरिने शब्द, मिजार, गाउँको एक प्रकारको मुखिया, तालुकदार चन्दा एकतह तल्लो दर्जाको तिरो उठाउने व्यक्ति, मिझारे भनिएको छ।मिझार दर्जाको थालनी कहिलेदेखि भएको यकिन छैन । तर १८६२आश्विन वदी ३ का दिन धनराम्या लाटा लोहारलाई महाकाली नदीदेखि पश्चिमका लागि लोहार, सुनार, टमौटा, बादी जातिको मिझार नियुक्त गरिएको थियो । मिझारको रूपमा उनलाई ती जातिको प्रत्येक घरबाट आठ आना संकलन गर्ने अख्तियारी दिइएको थियो (पन्त, २०७१) । गाइने मिझारकासन्दर्भमा सत्ता सम्हाल्नासाथ प्रधानमन्त्री जंगबहादुरले गाइने मिझारलाई परम्परागत रूपमा राज्यले दिँदै आएको न्यायिक अधिकारलाई निरन्तरता दिइएको कुरा १९०६ सालमा भिमसिन्या स्यामसुन्दरे गाइनेका नाममा भएको रूक्काबाट स्पष्ट हुन्छ।न्याय सम्पादन गरेवापत मिझारलाई दिइने सुविधाका सम्बन्धमा १९३६ मा जारी गरिएको छ । परापूर्व कालदेखि गाइने जातिका विभिन्न अपराधका बारेमा छानबिनगरी दण्ड–सजाय दिने अख्तियारी गाइने मिझार लाई दिइएको १९३६को रूक्काबाट के देखिन्छ भने मिझार नियुक्त गरिएवापत बस्नघर तथा खेतीगरी खानका लागि बारी दिइन्थ्यो भने न्याय सम्पादन गरेबापत मानाचामल, जाँड, पुङ(जाँड, रक्सी आदि राख्ने काठ, बाँस, माटो आदिको ढुंग्रो,ठेकी, भाँडो आदिको मुख)। कुखुरा एवं सुका पैसा अर्थात् २५ पैसा लिन पाउने व्यवस्था गरिएको थियो । राणा शासनकालमा भाँडहरूलाई तालुकदार दिइएको थियो भन्ने कुरा डोटी दिपायल निवासी इन्द्रे भाँडलाई तालुकदार दिइएको कुरा तालुकदार इन्द्रे भाँडको तालुकदारी पत्रबाट जानकारी हुन्छ। भाँडका अनुसार सो तालुकदारीको पत्रमा यस्तो लेखिएकोछ–...भाँड, बादी, हुड्के, पुड्के, गायन,मुसलवानको रहिरकम दहिदस्तुर जातक बमोजिम चलिरहेको जाँडको चिण्डो कुखुराको चल्लो नानोतिनो खिन्गी ठिन्गी मुद्दारहेछ भने आफूले मिलाउँला र आफूले मिलाउन नसके अड्डाअदालत जाहिर नालाई बुझाइदिनु,जाँहिं गर्नु विजय नगर्नु रूस्या फुस्या रह्याछन् भन्या गाउँमा बोलाइ गाऊँ गुल्जार गर्नु । १५० रूपियाँ ५६ पैसा ३ दाम ३ कौडा सरकारमा ठेक भर्णागर्नु...'त्यसबेला भेरीनदी पश्चिम र महाकाली पूर्वको तालुकदारीको रूपमा इन्द्रेभाँडलाई नियुक्त गरिएको थियो । यसरी त्यस समयमा स्थानीय र क्षेत्रिय प्रशासकको रूपमा वादी जातिलाई उच्च प्राथमिकता दिइनुले राज्यशासनमा सबै जातिको सहभागिता र समावेशीतालाई महत्व दिइएको देखिन्छ(दाहाल,२०६५)।

राणाकालको मध्यतिर आइपुग्दा गाइने जातिको मात्र मिझारी दिने कार्यमा परिवर्तन गरिएको पाइन्छ।१९६३ मार्ग १९ गते रोज ३ मा प्रधानमन्त्री चन्द्रशमशेर तथा कमान्डर इनचिफ भीमशमशेरको नामबाट नगारची बाठो दमाईलाई मिझारी (गाउँको एक प्रकारको मुखिया,तालुकदारभन्दा दोस्रो तहको तिरो उठाउने) दिइएको एउटा रूक्का जारी गरिएको थियो। यसपटक उनलाई दमाई जातिको मात्र नभएर गाइने र भाँड(वादी) जातिको पनि मिझारी दिइएको थियो। यसका अतिरिक्त उनलाई मुलुकभरिका तीन जातिको मिझारी दिइएको थियो । निज बाठो दमाईलाई दमाई, गाइने र भाँड जातिको मिझारी दिइएको भएपनि आफ्नो जात अर्थात् दमाईबाहेक अन्य जातिको न्याय सम्पादन एवं सुविधा लिन पाउने अख्तियारी भने दिइएको थिएन ।

यस रूक्काबाट नै दमाई जातिलाई नयाँ शब्दावली नगर्ची प्रयोग गरिएको थियो। संभवतः नगर्चीको हैशियतमा काठमाडौ उपत्यकाका तीन सहरका चौरासी नगरा मिझारको तैनाथीमा दिइएको थियो। ती सबै नगराको जिम्मा लिएर साँझ तथा बिहान दैनिक दुई समय नगरा जाँचबुझ गरी चलाउनुपर्ने थियो। बाठो दमाईलाई मुलुकभरि अर्थात् महाकालीदेखि पूर्व मेचीदेखि पश्चिम, राजधानी काठमाडौं, पहाड एवं मधेसका लागि मिझार नियुक्त गरिएको थियो। सोही हैसियतमा उनलाई दमाई जातिको...रकम, दस्तुराद मोहरू चन्द्रायन् लिने, कुखुरा,माना चामल तथा मेजमानी... खाने अख्तियारी दिइएको थियो। यस रूक्काले ती मिझारलाई सरकारी उर्दी बमोजिम बाजा बजाउने तथा लुगा सिलाउने कार्यको थप अभिभारा दिएको थियो (नगर्ची बाठो दमाईलाई भर मुलुकका दमाई,गाइने र भाँड जातिको मिझारी दिइएको सम्बन्धमा १९६३ साल मार्ग १९ गते रोज ३ को रूक्का) ।

यस रूक्काले दमाई मिझार लाई पहिले भन्दा बढी अधिकार दिएको देखिन्छ। यसरी देशैभरि व्यापक मात्रामा दिइएको अख्तियारीबाट स्वाभाविकै रूपमा दमाई जातिलाई समाज एवं स्थानीय प्रशासनमा आफ्नै हैसियत, इज्जत, मानप्रतिष्ठा कायम राख्नमा ठूलो मद्दत पुग्न गयो । तत्कालीन प्रधानमन्त्री चन्द्रशमशेरले उक्त रूक्का जारी गरेको चौध वर्षपछि उनै बाठो दमाईका नाममा एउटा लालमोहर जारी गरेका थिए। १९६३ सालमा जारी गरिएको रूक्कामा उनलाई मिझार नियुक्तगरी नेपालभरबाट दैदस्तुर लिने अख्तियारी दिए पनि पाल्पा, गुल्मी, अर्घा र खाँची यी चार जिल्लाको मिझारी पाल्पा गौंडाका नाइकेले खाइआएको देखिएको तथा सरकारले पनि कतिपय क्षेत्रबाट ठेक्का दिएर विभिन्न रकम असुल तहसिल गरेको देखिएको थियो । मिझार दमाईलाई माथि उल्लेखित जिल्ला बाहेक कास्की तथा लम्जुङसमेत मुलुकभरिको दमाई जातिको मिझारी पनि दिइएको थियो (नगर्ची बाठो दमाईलाई मुलुकभरिका दमाई जातिको मिझारी दिइएको सम्बन्धमा १९७७आश्विन १३ गते रोज ३ मा जारी गरिएको लालमोहर) । कास्की जिल्ला सराङकोट मैजे ५२ नं.को जिम्मुवाल मुखिया कासे दमै, लाले दमै नदीपुर जिम्मा झुत्ताको र हनु भएको थियो। यो१९९१ सालको मोठबाट सूचना प्राप्त भएको हो। बागलुङ जिल्लामा पनि कामी जिमु. रहेको जानकारी आएको छ । देशैभर खोजी गरेमा अरू पनि पाउन सकिन्छ। इतिहासका विभिन्न कालखण्डमा नेपालको सामाजिक संरचनाअनुसार सुदूर पश्चिम एवं पश्चिम नेपालमा रहेका दमाई,गाइने,भाँड,कामीलगायत शिल्पी जातिहरूलाई तल्लो दर्जामा राखिएको थियो । समाजमा कथित उपल्लो जाति भनिएकाको सेवासुविधा तथा राज्यसञ्चालनका लागि त्यस्ता जातिको आवश्यकता पर्ने भएकाले उनीहरूको त्यत्तिकै महत्व थियो । त्यसका अतिरिक्त सम्बद्ध जातिमा परम्परादेखि विद्यमान विभिन्न सांस्कृतिक,धार्मिक,सामाजिक एवं न्यायिक विधि व्यवहार सञ्चालनका लागि सोही जातिलाई राज्यले विभिन्न नाममा अख्तियारी दिँदै आएको पाइन्छ ।

खासगरी दमाई,गाइने,भाँड,माझीजस्ता जातिलाई सरकारी काममा लगाउन एवं सो जातिको न्यायिक परम्परा कायम राख्नमिझार (मुखिया) बनाउने गरिन्थ्यो।समग्रमा जातीय दृष्टिबाट तहगत विभेदमा पारिएका दमाईलगायत जातिको मौलिक परम्परा,संस्कृति,धर्म एवं न्याय सम्पादनमासोही जातिलाई संलग्न गरिनु सकारात्मक पक्ष देखिन्छ। यसबाट सम्वद्ध जातिको इतिहासएवं परम्परा नष्ट हुनबाट बच्न जान्थ्यो। साथैमुखिया, मिझारजस्ता जातीय प्रमुखले राज्यव्यवस्थाको स्थानीय प्रशासन सञ्चालनमा उल्लेख्य योगदान दिएर आफ्नो जातिको अस्तित्वलाई बचाउन सक्ने स्थिति बनेको देखिन्छ (पन्त,२०७०) ।

कांग्रेस पार्टीमा बीपीकोइरालाले धनमानसिंह परियारलाई महामन्त्री बनाएको र पहिलो निर्वाचित सांसद कृष्णसिंह परियारको विरासत बोकको छ। तर गण्डकी प्रदेशमा मन्त्री बन्ने निश्चित भएका डोबाटे विश्वकर्माको मन्त्री पद रातारात बिक्री गरेर उनले आफ्नै इतिहासमा आगो झोसे। समानुपातिकका प्रावधान राज्यसत्ताबाट वञ्चितीकरणमा पारिएका सीमान्तकृतवर्ग र समुदायलाई माथि ल्याउने नीति हो।यो व्यवस्थालाई बदनाम गरी बिक्रीवितरणमा रूपान्तरण गरिँदैछ। विश्लेषक श्याम श्रेष्ठले भनेझैं कथित दलितका लागि अनिवार्य र बाध्यकारी कानुनी व्यवस्था गरिनुपर्छ। नेपालको सामाजिक–आर्थिक प्रणालीको असमानता नै गरिबीको मूल हो । नेतृत्वमा बातचित गर्ने, कुरा सुन्ने धैर्यता पनि हुँदैन । यो देशको मूल समस्या र समाधानका विषयमा सुन्ने धैर्यता छैन भने उनीहरूबाट के आशा गर्ने ?यो समुदाय इतिहासकाविभिन्न आन्दोलन, क्रान्तिहरूमा कहाँ छुटेको छ ?राणा, पञ्चायत, ०३६, ०४६, ०५२, ०६२/०६३ साल, तराई/मधेश आन्दोलनमा बलिदानको कोटा चुक्ता गरेको बिर्सन मिल्छ ? राजनीतिक अस्थिरताकोकारण निम्नस्तरको चिन्तन प्रवृत्ति हो। समुदायगत थरीथरीका अभियान, साना राजनीतिक दल, तटस्थ बसेका समूह, उद्योगी, समाजसेवीहरूको एकीकृत पहलमा साझा राजनीतिक अभियान चलाइनुपर्छ। यसो नहुँदासम्म सामुदायिक हित सम्भव देखिँदैन । *– इमेल प्राप्त*

# रैथाने मकैः स्वादिलो पनि, पौष्टिक पनि



मौसमी बालीको कुरा गर्ने हो भने यतिबेला मकैको समय हो । मकैले हाम्रो खाद्य भण्डारमा ठूलो योगदान दिएको छ । उत्पादनको हिसाबले निकै लाभदायक अन्न हो मकै । यसले ग्रामिण अर्थतन्त्रमा पनि ठूलो टेवा पुऱ्याइरहेको छ । त्यसो त मकै आफैमा स्वादिलो र पोषिलो अन्न पनि हो । यसलाई थरीथरी परिकार बनाएर खान सकिन्छ । पहाडी क्षेत्रमा मकैको च्याख्ला बनाएर भात खाने गर्छन् । रैथाने उत्पादन भएकाले यो स्वादिलो एवं रसिलो हुन्छ । अहिले शहरी क्षेत्रमा मकैको ढिंडो खाने प्रवृत्ति व्यापक छ । शहरियाहरू रेष्टुरेन्टमै धाएर ढिंडो खाने गर्छन् । मकैको च्याख्ला, पिठो आदिबाट अनेक परिकार बन्छ ।

त्यसो त भुटेको मकै पनि निकै स्वादिलो हुन्छ । भुटेको मकै र त्यसलाई पिसेर सातु बनाएर खान सकिन्छ । मकैलाई पोलेर, भुटेर, उसिनेर तथा पिँधेर खान सकिन्छ । दूधे मकैको दूध निकालेर खीर बनाएर पनि खाइन्छ । मकैको परिकारलाई फलाहारी मानिन्छ तसर्थ चोखो खाँदा वा उपवास बस्दा समेत यसको प्रयोग हुन्छ । मकैलाई नेपालीहरूले वर्षौंदेखि विभिन्न तरिकाले सेवन गरिरहेका छन् ।

**मकैका फाइदा**

आयुर्वेदले मकैलाई तृप्तिदायक, वातकारक, कफ-पित्तनाशक, मधुर एवं रूचि उत्पादक अन्नको श्रेणीमा राखेको छ । मकैको महत्वपूर्ण विशेषता के छ भने पकाएपछि यसको पौष्टिकतामा थप वृद्धि हुन्छ । पोलेको मकैमा पाइने क्यारोटिनाइड भिटामिन ए को राम्रो स्रोत मानिन्छ । मकैका परिकार पकाइसकेपछि त्यसमा हुने एन्टिअक्सिडेन्ट्स ५० प्रतिशतसम्म वृद्धि हुन्छ । यसले उमेर वृद्धिको लक्षण रोक्नुका साथै क्यान्सरसँग लड्नसमेत सहयोग गर्छ । पकाइएको मकैमा फोलिक एसिड हुन्छ जसले क्यान्सजस्ता रोगविरूद्ध लड्न सहयोग गर्छ ।

मकैमा पर्याप्त मात्रामा खनिज तथा भिटामिन पाइन्छ । मकैलाई कोलेस्ट्रोल फाइटर मानिन्छ, यसकारण यो मुटुरोगीका लागिसमेत राम्रो मानिन्छ । बालबालिकाको विकासका लागि मकै फाइदाजनक मानिन्छ । दूधे मकैका गेडालाई पिसेर सिसीमा भरी घाममा र ाख्ने । त्यसको दूधजति सुकेर उडेपछि तेल बाँकी रहन्छ जसलाई छोर एउा भाँडामा राख्ने । उक्त तेलले गोडा तथा पाइतालामा मालिस गर्दा गोडा बलियो हुन्छ र शिशु छिटै हिँड्न सुरू गर्छ ।
-ताजा मकैको गेडालाई पानीमा राम्रोसँग उमालेर त्यसलाई छानेर मिस्रीपानीमा मिसाएर पिउँदा पिसाब पोल्ने तथा मिर्गौलासम्बन्धी समस्या हटाउन सहयोग मिल्छ ।

मकै क्षयरोगीहरूका लागि फाइदाजनक मानिन्छ । टिबीका रोगी तथा टिबी रोग लाग्ने आशंका भएकाहरूले नियमित मकैको रोटी सेवन गर्दा उपचारमा सहयोग पुग्छ । मकैको जुँगा पत्थरीको समस्यामा उपयोगी हुन्छ । मकैको जुँगालाई रातभरि पानीमा भिजाई बिहान छानेर उक्त पानी पिउँदा वा त्यसलाई पानीमा उमालेर काढा बनाएर पिउँदा चमत्कारी फाइदा प्राप्त हुन्छ ।

मकैको पिठोबाट बनेका परिकार कलेजोका लागि पनि राम्रो मानिन्छ । यसमा पर्याप्त फाइबर हुने भएकाले पेट सफा रहन्छ । कब्जियत, पायल्स एवं पेटको क्यान्सर हुने सम्भावना समाप्त हुन्छ । मकैको पहेँलो गेडामा प्रशस्त मात्रामा म्याग्नेसियम, आइरन, कपर तथा फस्फोरस पाइन्छ जसले हड्डीलाई मजबुत बनाउन सहयोग गर्छ । रक्तअल्पता हटाउन पनि मकैले सहयोग गर्छ किनभने यसमा भिटामिन बी तथा फोलिक एसिड हुन्छ ।

छाला चिलाउने समस्यामा मकैको चिल्लोले राहत दिन्छ । साथै मकैको पिठो वा चिल्लोले अनुहर सफा गर्दा छाला मुलायम एवं सुन्दर बन्दछ । मकैमा भिटामिन सी, क्यारोटिनाइड एवं बायोफ्लेवनाइड पाइने भएकाले मुटु रोगीका लागि फाइदाजनक हुन्छ । यसले कोलेस्ट्रोल घटाउनुका साथै रक्तसञ्चार सुचारू बनाउन सहयोग पुऱ्याउँछ । फोलिक एसिडको राम्रो स्रोत भएकाले गर्भवतीहरूले मकैको परिकार नियमित सेवन गर्नु लाभदायक हुन्छ ।

मकै खाएपछि बाँकी रहने खोयालाई भाँचेर सुँघ्नाले रूघामा राहत मिल्छ । मकैको खोयालाई सुकाउने । सुकेपछि पोलेर खरानी बनाउने । यसको खरानी नियमित मनतातो पानीसँग खाँदा साससम्बन्धी रोगमा लाभ मिल्छ । खोकीमा पनि राहत मिल्छ ।

# भरपेट खाएर पनि कसरी मोटोपनबाट बच्ने ?



**"खानेकुरा सेवन गर्दा पोषक तत्वमा ध्यान दिन जरूरी छ । कुन खानेकुराबाट के पोषक तत्व मिल्छ भन्ने कुरा थाहा भयो भने त्यही अनुसारको खानेकुरा मिलाउन सकिन्छ ।"**

मोटोपन बढेको बढ्यै छ । चिकित्सकहरू भन्छन्, 'मोटोपनले अनेक रोग पैदा गर्छ ।' मोटोपन कसरी घटाउने त ? यसका लागि कोही जिम धाइर हेका छन्, कोही दौडिरहेका छन्, कोही खानेकुरामा कटौती गरिरहेका छन् । व्यायामले त शरीरको समूचित विकासमा सहयोग गर्छ । शरीरलाई लचिलो, फुर्तिलो र स्वस्थ राख्छ । तर, खानेकुरा कटौतीले ?

नियमित खानेकुराको मात्रा अचानक घटाउँदा शरीरमा पोषक तत्व पर्याप्त नहुन सक्छ । किनभने हाम्रो शरीरलाई आवश्यक पोषक तत्व धेरैजसो खानेकुराबाट नै प्राप्त हुन्छ । जब मोटोपन घटाउने चक्करमा खानेकुरा खान छाड्छौं, पोषक तत्वको अभाव हुन थाल्छ । तर, अहिले मोटोपन नियन्त्रण गर्न धेरैले छाक छाड्ने गरेका छन् । खानपानमा कटौती गरेपछि तौल नियन्त्रण हुन्छ भन्ने बुझाई समाजमा व्याप्त छ ।

जबकि मोटोपन नियन्त्रण गर्नका लागि खानेकुरा नै छाड्ने होइन, बरू खानेकुराको छनौटमा ध्यान दिन जरूरी हुन्छ । भनिन्छ, भरपेट खाएर खाएर पनि शरीरको तौल सन्तुलित राख्न सकिन्छ । यसमा एउटा सर्त छ । त्यस्तै खानेकुरा खानुपर्छ, जो शरीरले माग्छ । मन र मुखले मागेको कुरा खान थाल्ने हो भने शरीरले धान्न सक्दैन । मनले माग्दैमा जतिपनि खानेकुरा, जे पनि खानेकुरा खाने होइन । खानेकुरा खाइरहँदा सोचौं कि, यो मेरो शरीरका लागि हो । खानेकुरा शरीरको लागि हो भने भरपेट खाएर पनि फरक पर्नेवाला छैन ।

खानेकुरा स्वस्थ्यकर, पोषिलो हुनुपर्छ । सागपात, गेडागुडी, झोल आदिको सन्तुलन हुनुपर्छ । हाम्रो थालीमा सलादको मात्रा बढाउनुपर्छ । मौसम अनुसार कात्रा, मुला, गाँजर, चुकन्दर, बन्दा आदिको सलाद बनाउनुपर्छ । त्यसो त उसिनेको आलु, अण्डा आदिको पनि सलाद बनाएर खान सकिन्छ । खानेकुरा तारेको, भुटेको भन्दा उसिनेको, ब ँयाएको सर्वोत्तम हो । यस्ता खानेकुरा जति खाएपनि मोटोपन बढ्ने भय हुँदैन ।

हरेक विहान नास्तामा सलाद खानुपर्छ । भरपेट सलाद खाएपछि भोक महसुष हुँदैन । भोक महसुष नभएपछि बजारका खानेकुरा, प्याकेटबन्द खानेकुरा आदिको तलतल लाग्दैन । गाउँघरतिर गाई-बस्तुले सलाद खान्छ, शहरमा हामी जंकफूडले पेट भर्छौं । गाउँमा कांक्रा, फर्सी, इस्कुस, सागपात गाईलाई दिइन्छ । यता शहरियाहरू वेलामौकामा प्लेटभरी सलाद सजाएर खान्छन् । मुड चल्दा मात्र खाएर हुँदैन । नियमित रूपमा खानुपर्छ ।

खानेकुरा सेवन गर्दा पोषक तत्वमा ध्यान दिन जरूरी छ । कुन खानेकुराबाट के पोषक तत्व मिल्छ भन्ने कुरा थाहा भयो भने त्यही अनुसारको खानेकुरा मिलाउन सकिन्छ । यसरी शरीरलाई आवश्यक पोषक तत्व मिलाएर खाना खाएमा शरीरमा अतिरिक्त बोसो जम्दैन । बोसो नजमेपछि मोटोपन बढ्ने कुरै हुँदैन ।

ठोस खानेकुरा जति खाइन्छ त्यो भन्दा बढी पेय पदार्थ पिउनुपर्छ । जुस, सर्वत, दही, मोही, लस्सी, पानी पिउने गरौं । बजारमा पाइने तयारी जुस भन्दा ताजा जुस उपयुक्त हुन्छ । घरमै कागती पानी मिसाएर सर्वत पिउन सकिन्छ । खानेकुरालाई बिस्तारै चपाएर, हतार नगरी, आनन्दसाथ खानुपर्छ । लामो समय खाली पेट बस्ने र एकसाथ धेरै खानेकुरा खानु हुन्न । थोरै थोरै तर धेरै पटक खानु राम्रो हो । यदि खानेकुराको सन्तुलन र शैली मिलाउने हो भने भरपेट खाएर पनि शरीरको तौल सन्तुलित राख्न सकिन्छ ।

# तक्मे बुढाको रेसेपी..

तक्मे बुढा अर्थात विल्सन विक्रम राई कुनैबेला भाते थिए । भात भनेपछि हुरूक्कै । उनलाई भातमा केही नचाहिने, एउटै पापड भए पुग्ने । पापडसँग फ्ुको भात जतिपनि खाइदिने । उनी सुनाउँछन्, 'दिनमा पाँच पटकसम्म भात खान्थें ।' उनी बेलाबखत साथीभाईलाई पनि निम्त्याएर मीठोमसिनो ख्वाउथे । 'मलाई भेराइटी बनाउन त अल्छी लाग्दैन कि' विल्सनले थपे, 'तर, भात भएपछि अरू केही चाहिँदैनथ्यो । स्वादले खाइदिन्थें ।'
उनले साँच्चै स्वादिलो बनाउने परिकार चाहिँ के हो ? 'पोर्क' उनले भने ।
'कसरी बनाउनुहुन्छ ?', हामीले जान्ने प्रयास गऱ्यौं । 'पोर्क चाहिँ म घरमा जस्तै नर्मल तरिकाले बनाउँछु' उनले भने, 'पाए त्यसमा रायोको साग मिसाउँछु, नभए चाइनिज साग ।' सुँगुरको मासुको कुरा गर्दागर्दै उनले घुटुक्क थुक निले । अनि थपे- 'एग करी हुन्छ नि, अण्डाको, त्यो चाहिँ म दामी बनाउँछु ।'

एग करी

एग करीको विलसन रेसीपी यस्तो छ : चार जनाका लागि हो भने, पाँचवटा अण्डा ल्याउने । आलु र अण्डा उसिन्ने । चारवटा अण्डालाई तेलमा रातो हुने गरी फ्राइ गर्ने । बाँकी रहेको एउटा अण्डालाई मसिनो गरी टुक्राउने । आलुलाई पनि टुक्रा गर्ने । तेलमा प्याज फुराउने । प्याज रातो भएपछि त्यसमा अदुवा र लसुनको पेस्ट हाल्ने । अब मगमग बास्ना आउन थाल्छ । त्यसपछि थोरै धनियाको धुलो, बेसार हाल्ने । आलु र टुक्रा गरेको अण्डा हालेर राम्ररी फ्राइ गर्ने । त्यसपछि ठिक्क पानी हालेर भकभक उमाल्ने । झोल उम्लिन थालेपछि चारवटा अण्डा पनि त्यसैमा मिसाइदिने ।
'यसरी बनाइएको एग करीमा अण्डाको फ्लेबर हुन्छ, अरूमा जस्तो आलुको मात्रा बढी हुँदैन', उनले भने ।
विल्सनलाई खानेकुरा बनाएको हेर्न खुब चाख लाग्छ । उनी यात्रा र खानासम्बन्धी च्यानल 'टीएलसी' हेर्छन् । देश विदेश चाहर्दा स्ट्रिट फुडमा चोर आँखा दौडाउँछन् ।
विल्सनले बैंकक भ्रमणमा यसरी नै माछाको परिकार बनाउन सिके । काठमाडौं फर्केपछि त्यसलाई प्रयोग गरे । उनको भाषामा 'भयानक मीठो' भयो ।

फिस बोयल

माछा पकाउने उनको रेसीपी यस्तो छ : अलि ठूलो माछा ल्याउने । त्यसलाई मःम पकाउने भाँडोमा बफ्याउने । बफ्याउनुअघि भाँडाको पानीमा अदुवा सहित लसुन र प्याजको पातलाई मसिनो



हुनेगरी काटेर हाल्ने । त्यसमा नुन राख्ने । अनि माछा ब ँयाउने । यसरी बफ्याइएको माछामा त्यससँगै तयार गरिएको रस हालेर सेवन गर्न सकिन्छ । 'मेरो सानो भाञ्जा छ कि, उसले त मेरो यो रेसीपी खुब मन पराएको छ' विल्सनले भने ।
दाल चिकेन करी बनाउन पनी उनी सिपालु रहेछन् ।
'भान्सामा नयाँ परिकार तयार गर्न मलाई कम्ता जाँगर चल्दैन' विल्सनले थपे, 'भाँडा माझ्न मात्र हो, अल्छी लाग्ने ।'
केदार घिमिरे (माग्ने बुढा) , रोज मोक्तान र विल्सन युरोप गएको बेला अपार्टमेन्ट लिएर बसेका थिए । त्यहाँ अस्थायी रूपमा अपार्टमेन्ट लिएर बस्न पाउने व्यवस्था रहेछ, जो सस्तो र सजिलो हुने उनको भोगाइ छ । अपार्टमेन्टमा आफै खाना पकाउनुपर्ने । हरेक छाक पकाउने जिम्मा, विल्सनकै । केदार घिमिरे भन्थे रे, 'बरू म भाँडा माझ्छु, पकाउने जिम्मा चाहिँ विलसनको ।'

## थाहा नगरका जनप्रतिनिधिको सम्पर्क नम्बर

| | | |
|---|---|---|
| थाहा प्रमुख | लवशेर विष्ट | ९८५५०६७६९२ |
| थाहा उपप्रमुख | खड्ग बहादुर गोपाली | ९८५५०६७०४५ |
| १ नं. वडाध्यक्ष | हेरमान गोपाली | ९८५५०८९३०१ |
| २ नं. वडाध्यक्ष | गुप्तबहादुर कार्की | ९८५५०८९३०२ |
| ३ नं. वडाध्यक्ष | राजेश के.सी. | ९८५५०८९३०३ |
| ४ नं. वडाध्यक्ष | दिपक सिं लामा | ९८५५०८९३०४ |
| ५ नं. वडाध्यक्ष | विष्णुबहादुर गुरुङ | ९८५५०८९३०५ |
| ६ नं. वडाध्यक्ष | शशीधर सुवेदी | ९८५५०८९३०६ |
| ७ नं. वडाध्यक्ष | सनमसिं मुक्तान | ९८५५०८९३०७ |
| ८ नं. वडाध्यक्ष | टिकाराम रुम्बा | ९८५५०८९३०८ |
| ९ नं. वडाध्यक्ष | परशुराम श्रेष्ठ | ९८५५०८९३०९ |
| १० नं. वडाध्यक्ष | हिराबहादुर गमाल | ९८५५०८९३१० |
| ११ नं. वडाध्यक्ष | किरणमान बल | ९८५५०८९३११ |
| १२ नं. वडाध्यक्ष | मानबहादुर स्याङ्तान | ९८५५०८९३१२ |

# जिल्लामा भूकम्पबाट प्रभावित ३७५ विद्यालय भवनको पुनर्निर्माण सम्पन्न



◆ विकास संवाददाता

मकवानपुर जिल्लामा २०७२ वैशाख १२ गते गएको भूकम्पबाट क्षति पुगेका कूल ४०९ सामुदायिक विद्यालयमध्ये हालसम्म कूल ३७५ वटा विद्यालयको भवन पुनर्निर्माण सम्पन्न भएको छ । राष्ट्रिय पुनर्निर्माण प्राधिकरण केन्द्रीय आयोजना कार्यान्वयन एकाइ (शिक्षा) अन्तर्गतको मकवानपुर स्थित जिल्ला आयोजना कार्यान्वयन एकाइ (शिक्षा) हेटौँडाका अनुसार गत आर्थिक वर्ष ०७७/७८ सम्म जिल्लाभित्र कूल ३७५ विद्यालयको कूल एक हजार ६६५ कक्षाकोठा निर्माण सम्पन्न भएको हो। मकवानपुरका तत्कालीन अवस्थामा रहेको कूल ५१६ विद्यालयमध्ये ४०९ विद्यालयका दुई हजार ३१० कक्षाकोठालाई भूकम्पले पूर्ण क्षति पुऱ्याएको थियो। तीनवटा मोडालिटीमा क्षति पुगेका विद्यालयको पुनर्निर्माण कार्य तीव्ररूपमा अगाडि बढाइरहेको हेटौँडास्थित जिल्ला आयोजना कार्यान्वयन एकाइ (शिक्षा) का प्रमुख बद्री पाठकले जानकारी दिए ।

पुनर्निर्माण सम्पन्न भएका विद्यालयमध्ये विद्यालय व्यवस्थापन समितिमार्फत सम्झौता भई निर्माण हुने ३१३, सङ्घसंस्थाको सहजीकरणमा ३२ र जापान सरकारको ऋण सहयोग (जाइका) र एशियाली विकास बैंक (एडीबी)का तर्फबाट ३४ वटा छन् । विद्यालयमा कक्षाकोठाबाहेक १४९ विद्यालयमा शौचालय व्यवस्थापन र ८४ विद्यालयमा खानेपानी व्यवस्थापन सम्पन्न गरिएको छ । पहिलो मोडालिटीअनुसार विद्यालय व्यवस्थापन समितिमार्फत सम्झौता भई निर्माण हुने कूल विद्यालय भवनतर्फ ३१३ विद्यालय भवनको एक हजार २६ कक्षाकोठा, १४९ शौचालय र ८४ विद्यालय खानेपानी कार्यक्रम रहेको छ । सोमध्ये आव २०७३/७४ मा ६८ विद्यालय भवनका २२० कक्षाकोठा र २०७४/७५ मा ६८ विद्यालय भवनका २२० कक्षाकोठा निर्माण सम्पन्न भएका छन् ।

आव २०७५/७६ (प्रथम) मा ६५ विद्यालय भवनका २०० कक्षाकोठा, आव २०७५/७६ (दोस्रो)मा ५१ विद्यालय भवनका १५३ कक्षाकोठा तथा ७० शौचालय निर्माण भएको थियो । यस्तै २०७६/७७ मा ६१ विद्यालय भवनका २०५ कक्षाकोठा, ७९ शौचालय र ८४ खानेपानी व्यवस्थापन कार्यक्रम प्राप्त भएको थियो । उक्त कार्यक्रम आव २०७७/७८ मा निर्माण भएको कार्यालयले जनाएको छ । यस्तै आव २०७७/७८ का लागि थप आठ विद्यालय भवनका २८ कक्षाकोठा निर्माणका लागि कार्यक्रम थप भइआएको थियो । जाइका र एडीबीका तर्फबाट केन्द्रीय आयोजना कार्यान्वयन एकाइमार्फत ठेक्का सम्झौता भएका गरी कूल ५६ विद्यालयका ७०० कक्षाकोठा बोलपत्र प्रक्रियाबाट निर्माण हुने क्रममा रहेको छ ।

त्यस्तै सङ्घसंस्थाका तर्फबाट स्थायी प्रकृतिका जम्मा ३२ विद्यालयमा २२१ कक्षाकोठा निर्माण भएको थियो । एकाइका प्रमुख पाठकका अनुसार आव २०७७/७८ को असार मसान्तसम्म जिल्लामा तीनवटै मोडालिटीबाट कूल ४०९ विद्यालय भवनका एक हजार ९४७ कक्षाकोठा निर्माण कार्य अगाडि बढेकामा ३७५ विद्यालयका एक हजार ६६५ कक्षाकोठा निर्माण सम्पन्न भएका छन् ।

त्यसैगरी १४९ शौचालय र ८२ विद्यालयमा खानेपानी व्यवस्थापन कार्यक्रम सम्पन्न भएको छ । हाल ३४ विद्यालयका २८२ कक्षाकोठा निर्माणाधीन छन् । हाल एडिबीको ऋण सहयोगमा थप चार विद्यालय निर्माणका लागि बोलपत्र प्रक्रियाको सूचना प्रकाशन भइसकेको छ । यसैबीच राष्ट्रिय पुनर्निर्माण प्राधिकरण अन्तर्गत जिल्ला आयोजना कार्यान्वयन एकाइ कार्यालय (शिक्षा) को खर्च प्रगति उल्लेखनीय भएको पाइएको छ । कार्यालयले आर्थिक वर्ष २०७७/७८ को भौतिक प्रगति ९८.२० प्रतिशत रहेको जनाएको छ ।

यसैबीच जिल्लामा रहेका विभिन्न सामुदायिक विद्यालयमध्ये १३८ विद्यालयमा जग्गा अभाव, न्यून विद्यार्थी, यातायातको पहुँच नपुगेको र आवश्यकता नभएका जस्ता कारण भौतिक निर्माण कार्यक्रम समावेश गर्न सकिएको अवस्था छैन ।

विसं २०७२ वैशाख १२ गते शनिबार आएको सो भूकम्पबाट जिल्लामा ४६ सरकारी भवन, ६५ स्वास्थ्य संस्था, १२४ गुम्बालगायत मठमन्दिरहरूमा क्षति भएको थियो ।

# हेटौंडा अस्पतालको नवनिर्मित भवनको शिलान्यास



◆ विकास संवाददाता

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत रहेको हेटौंडा अस्पतालको नयाँ भवन निर्माण कार्यको शिलान्यास गरिएको छ। बागमती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले मंगलबार एक समारोहका बीच अस्पतालको हाता भित्र निर्माण हुन लागेको भवनको शिलान्यास गरेका हुन ।

बागमती प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालयको २३ करोड २७ लाखमा बन्न लागेको उक्त भवन ५ तल्ला सहित २०० शैयाको रहेनेछ।२०० शैयाको अस्पताल २ बर्ष भित्रमा निर्माण सम्पन्न हुने लक्ष्य राखिएको भौतिक मन्त्रालयका सचिव सञ्जिव बरालले बताए ।

शिलान्यास कार्यक्रममा बागमती प्रदेश भौतिक पूर्वाधार विकास मन्त्री रामेश्वर फुयाँल,सामाजिक विकास मन्त्री सरस्वती बस्नेत,हेटौंडा अस्पतालका अध्यक्ष राजेश प्रसाई लगायतको उपस्थिति रहेको थियो ।

# लागू औषध सहित हेटौंडाका दुई जना पक्राउ



◆ विकास संवाददाता

जिल्ला प्रहरी कार्यलय पर्साका अनुसार हेटौंडाका २ जना सहित बिरगंजबाट लागु औषध सहित ४ जना पक्राउ परेका छन् ।

पक्राउ पर्नेहरूमा मकवानपुर को हेटौंडा उपमहानगरपालिका वडा नम्बर ११ का २१ वर्षीय डेनिएल तामाङ, हेटौंडा-४ का २७ वर्षीय विकास देउला, काठमाडौं महानगरपालिका वडा नम्बर ३ का ३२ बर्षी विमल श्रेष्ठ र बिरगंज महानगर पालिका वडा नम्बर ९ का ४५ वर्षीय जितेस प्रसाद श्रीवास्तव रहेका छन् ।

वीरगञ्ज महानगरपालिका वडा नम्बर १६ बसपार्क स्थित वडा प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले २० गते वीरगञ्ज महानगरपालिका-१६ शंकराचार्यबाट काठमाडौं सितापाइलका ३२ वर्षीय विमल श्रेष्ठ र हेटौंडाका २१ वर्षीय डेनियल तामाङको साथबाट स्कुटीको डिकीमा लुकाइ ल्याएको लागु औषध नुर्फिन ३० एम्पुल, डाइजेपाम ३० एम्पुल र फेनारगन ३० गरी ९० एम्पुल बरामद गरेको जनाएको छ ।

यस्तै साउन २१ गते बिहीबार वीरगञ्जको जयन्तीचोकबाट हेटौडाका २७ वर्षीय विकास देउलाको साथबाट कोडिन फस्फोट सिरफ १०० एमएलको ३३ बोतल, नाइट्राभेट ७५ ट्यावलेट र स्पाकोर भोनप्लस ८ प्रहरीले बरामद गरेको जनाएको छ ।

यसैगरी प्रहरीले बिहीबार दिउँसो १०० एमएलको २ सय ३१ बोतल लागुऔषधसहित जितेस प्रसाद श्रीवास्तवलाई पक्राउ गरिएको जनाएको छ । पक्राउ परेकाहरूलाई लागु औषधसम्बन्धी कसूरमा थप अनुसन्धान अगाडि बढाइएको प्रहरीले जनाएको छ ।

# बालिका अपहरण गर्ने हेटौंडाकी लामा भण्डाराबाट पक्राउ

◆ विकास संवाददाता

बाराको जीतपुर सिमरा वडा नम्बर २२ बाट हराएकि १० बर्षीया सुनिता सुनार सहित एक युवतीलाई चितवनको भण्डाराबाट फेला पारिएको छ । सुनारलाई ललाई फकाई लैजाने मकवानपुर हेटौंडा-११ थानाभयाङ्की १७ बर्षीया निर्मला लामा सहित सुनारलाई इलाका प्रहरी कार्यालय भण्डाराको प्रहरी टोलीले फेला पारेको ईलाका प्रहरी कार्यालय रत्ननगर टाँडीका प्रहरी नायब उपरीक्षक (डिएसपी) ईन्द्रबहादुर रानाले बताएका छन ।

१० बर्षीया सुनारलाई लीएर फरार भएकी लामा सहित इप्रका भण्डाराका प्रहरी निरीक्षक राजीव गिरीको टोलिले राप्ती नगरपालिका -५ स्थित पुर्व पश्चिम राजमार्गमा टिपरबाट नियन्त्रणमा लिएको थियो ।

पक्राउ परेकी हेटौंडा -११ की १७ बर्षीया लामा सहित बालिका सुनार लाई अहिले जिल्ला प्रहरी कार्यालय मकवानपुरमा राखिएको मकवानपुरका निमित्त प्रहरी प्रवक्ता प्रहरी निरीक्षक देवेन्द्र दासले बताएका छन । उनलाई बारा प्रहरीलाई बुझाउने तयारी भइरहेको जनाइएको छ । यता ईलाका प्रहरी कार्यालय अमलेखगञ्जले बालिका लिएर भागेकी लामा सहित रहेका एकजना युवकलाई अमलेखगञ्जबाट पक्राउ गरि सकेको छ ।

# ३३ करोड खर्च

◆ विकास संवाददाता

बागमती प्रदेशमा कोरोना भाइरस संक्रमणको दोस्रो लहर नियन्त्रणका लागि प्रदेश सरकारले प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालयमार्फत ३३ करोड ४५ लाख ५० हजार रूपैयाँ खर्च गरेको छ ।

आर्थिक वर्ष २०७७/७८ मा कोरोना भाइरस संक्रमण नियन्त्रणका मन्त्रालयले उक्त रकम खर्च गरेको हो ।

आन्तरिक मामिला तथा कानून मन्त्रालयले प्रदेशको सामाजिक विकास मन्त्रालयमार्फत २१ करोड ७० लाख ५० हजार रूपैयाँ प्रदेशका स्वास्थ्य कार्यालयलाई उपलब्ध गराइएको आन्तरिक मामिला मन्त्रालयका प्रवक्ता नारायणप्रसाद पोखरेलले जानकारी दिए ।



# फरक रङ र स्वादका चेरी गोलभेँडा



◆ विकास संवाददाता

फरक जातको गोलभेँडा उत्पादन सुरु गरेका उत्तरी मकवानपुर को थाहा नगरका युवालाई मागअनुसार आपूर्ति गर्न धौधौ छ । गोलभेँडा पार खीका लागि सलादमा प्रयोग हुने फरक रङ, स्वाद र आकारका चेरी गोलभेँडा उत्पादन गरी अनलाइनबाटै बिक्रीको व्यवस्था गरेपछि माग बढेको हो ।

विदेशबाट प्राप्त कृषिसम्बन्धी ज्ञान र सीपलाई सदुपयोग गर्दै थाहा नगरपालिका–६, वज्रवाराहीका शशिन कर्माचार्यसहितका युवाको कृषि फार्ममा उत्पादित अधिकांश गोलभेँडा अहिले अनलाइनबाट काठमाडौँमा बिक्री हुने गरेको छ । कर्माचार्यसहित पाँच जनाको समूहले एगभानिया एग्रो फार्मको नाममा थाहा नगरपालिका–९ स्थित माफ्रगाउँमा जग्गा भाडामा लिएर गोलभेँडालगायतका तरकारी खेती गर्दै आएको छ । इजर यलमा कृषिसम्बन्धी अध्ययन गरेर फर्कनुभएका कर्माचार्यसँगै जापान, दुबईबाट फर्किएका र यही बसेर व्यापार –व्यवसाय गर्दै आएका दुई युवाले एगभानिया खेती गर्नुभएको हो । इजर यलमा हिब्रू भाषामा गोलभेँडालाई एगभानिया भनिने भएकाले उहाँहरूले फार्मको नाम पनि एगभानिया नै जुराउनुभएको हो । इजरायलमा आफू पहिले काम गर्ने कम्पनीले १२ हजार दाना बीउ उपहारमा दिएको बताउनुभयो ।

हाल फार्ममा लाम्चो आकारका पहेँला, राता र सुन्तला रङका गोलभेँडा उत्पादन भइरहेका छन् । अधिकांश काठमाडौँमा अनलाइनबाट बिक्री भइर हेको उहाँले जानकारी दिनुभयो । यो गोलभेँडा प्रतिकेजी १२० रुपियाँदेखि २७० रुपियाँसम्ममा बिक्री भइरहेको बताइएको छ । अनलाइनबाट माग गर्नेलाई धेरै परि णाममा बिक्री गर्दा केही कम मूल्यमा र खुद्रा बिक्री गर्दा केही बढी मूल्यमा बिक्री गर्दै आएको फार्मले गोलभेँडा खरिद गर्ने ग्राहकलाई तीनै रङको गोलभेँडा पठाउने गरिएको छ ।

'यो गोलभेडा खाँदा मुखै र सिलो हुन्छ, सुरुमा केही अमिलो, पछि अमिलो–गुलियो र पाकेपछि गुलियो स्वाद आउँछ,' उहाँले भन्नुभयो, 'रङ मात्र फर क होइन १२ आकारको गोलभेँडा फल्ने बीउ छन्, बीउसमेत रङ र आकारअनुसार फरक हुन्छ ।' गत वर्ष चार सय बोट लगाएकामा बन्दाबन्दीका कारण आधा मात्र बिक्री गरेर फल्दाफल्दैका बोट उखेलेर फाली काउली लगाउनुभएका किसान कर्माचार्य यो वर्ष अनलाइनबाट उत्पादनभन्दा बढी माग हुन थालेपछि उत्साहित बन्नुभएको छ । यो पटक गत वैशाखमा पाँच सय गोलभेँडाको बिरुवा तीनवटा टनेलमा लगाइएकामा गत वर्षको उत्पादनका आधारमा प्रतिबोट पाँच केजीभन्दा बढी फल्दा तीन हजारदेखि ३५ सय केजीसम्म उत्पादन हुने अनुमान छ । इजरायलमा यही जातिको बीउबाट प्रतिबोट २० केजीसम्म गोलभेँडा उत्पादन हुने र बोट अग्लो हुने भएकाले व्यवस्थापन गर्न समस्या हुने गरेको अनुभव सुनाउँदै उहाँले एक दाना गोलभेँडाको बीउको ४०/४५ रुपियाँसम्म पर्ने बताउनुभयो । उहाँका अनुसार विदेशमा यही जातको गोलो आकारको गोलभेँडाको माग बढी हुन्छ, यहाँ गोलो गोलभेँडा कम बिक्री हुन्छ । लाम्चो भएकाले पनि आकर्षण बढेको छ । 'नयाँ प्रजातिको गोलभेँडा खेती गर्ने प्रयास र परीक्षण सफल भएको' उहाँले सुनाउनुभयो । अहिलेको माग हेरेर अर्को वर्षबाट बढी क्षेत्रफलमा लगाउने योजना रहेको उहाँले बताउनुभयो । यस सिजनमा दुई सय केजी गोलभेँडा बिक्री भइसकेको र अरू धमाधम निस्कन थालेको उहाँले जनाउनुभयो ।

उहाँका अनुसार तुसारो नपरेसम्म उत्पादन लिन पाइन्छ । योसँगै कर्माचार्यले वजवाराहीमा ७५ वटा टनेलमा निजी रूपमा सरिता जातको गोलभेँडा लगाउनुभएको छ । गत चैतबाट जेठसम्म फरकफरक समयमा लगाएको बताउँदै उहाँले ८० टनसम्म उत्पादन हुने र अहिले बारीबाट नै प्रतिकेजी ३०–३५ रुपियाँ केजीमा बिक्री भइरहेको बताउनुभयो । कर्माचार्यले रातो, हरियो र पहेँलो रङको भेडे खुर्सानी उत्पादन गरी सुरुमा प्रतिकेजी १७० रुपियाँमा बिक्री गर्नुभएकामा अहिले प्रतिकेजी ७० रुपियाँमा बिक्री गर्दै आउनुभएको छ ।

# थाहा–८ मा महिलाले लिए सिँचाइको जिम्मेवारी



◆ विकास संवाददाता

आर्थिक वर्ष २०७८/७९ को लागि उपभोक्ता समिति गठनमा नगरमै अगाडि रहेको थाहा नगरपालिका वडा नम्बर ८ मा महिलाहरू विकासको नेतृत्व गर्न अग्रसर देखिएका छन् ।

थाहा–८ मा आर्थिक वर्ष २०७८/७९ को स्वीकृत योजना अन्तर्गत ढकालटोल–चनौटे–थुम्के–बाटोमुनी बेलाबोट सिचाइ योजना सम्पन्न गर्न महिलाहरूले अग्रसरता लिएका हुन् ।

सो योजनामो लागि २३ साउनमा भएको उपभोक्ता भेलाले सुमित्र सापकोटाको अध्यक्षतामा सबै पदाधिकारी महिला रहेको उपभोक्ता समिति गठन गरेको छ ।

समितिको विवरण

अध्यक्ष – सुमित्रा सापकोटा
सचिव – सीता कुमारी सापकोटा
कोषाध्यक्ष – देउती ढकाल
सदस्य – कृष्णकुमारी सापकोटा
सदस्य – शान्ती थापा ढकाल
सदस्य – मनकुमारी सापकोटा
सदस्य – कालीकुमारी थापा

महिलामात्र रहेको उपभोक्ता समिति गठन भएपछि सो योजनालाई वडा कार्यालयले नमुना योजनाको रूपमा लिएको वडा नम्बर ८ का वडा अध्यक्ष टिकाराम रूम्बाले थाहा टाइम्सलाई बताए । योजनाको बजेट रू. ५ लाख रहेको छ ।

# इन्द्रसरोवरको ठाडोखोला झरनामा चिप्लिएर एकको मृत्यु

◆ विकास संवाददाता

थाहा नगरपालिकासँगै सिमाना जोडिएको इन्द्रसरोबरस्थित ठाडोखोला झरना हेर्न आएका एकजनाको झरनामा चिप्लिएर ज्यान गएको छ ।

झरनाको पानीमा हातले खेल्ने क्रममा चिप्लिएर लड्दा झरना तल जमेको पानिमा डुबेपछि एक जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । २३ साउनमा ईन्द्रसरोबर गाउँपालिका वडा नम्बर १ ठाडोखोलास्थित ठाडोखोला झरना हेर्न आएका काठमाण्डौ नागार्जुन नगरपालिका वडा नंबर ३ बस्ने वर्ष २३ का सन्देश राईको झरनामा चिप्लिएर लड्दा झरना तल जमेको पानीमा डुबेपछि ज्यान गएको जिल्ला प्रहरी कार्यलय मकवानपुरका निमित्त प्रहरी प्रवक्ता देबेन्द्र दासले बताए ।

घटनाको थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

# ६ बजेपछि होटल खोल्न नपाईने



◆ विकास संवाददाता

थाहानगरमा पनि कोरोना संक्रमणको दर बढेसँगै मंगलबारदेखि होटल तथा रेष्टुरेन्टहरूलाई बेलुकी ६ बजेपछि खोल्न नदिने भएको छ ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरले निषेधाज्ञा थप गरेसँगै थाहानगरस्तरीय कोभिड रोकथाम तथा नियन्त्रण निर्देशन समितिको बसेको बैठकले कोरोना संक्रमणका सम्भावित क्षेत्रमध्ये होटल तथा रेष्टुरेन्ट व्यवसाय मुख्य रहने गरेको भन्दै बेलुकी ६ बजेपछि खोल्न नदिने निर्णय गरिएको समितिले जनाएको छ ।

नियम उलंघन गरेको पाइएमा तत्काल होटल संचालक तथा होटलमा भेटिने ग्राहक समेतलाई संक्रमण रोग ऐन बमोजिम कार्बाही गरिने इलाका प्रहरी कार्यालय पालुङका प्रमुख श्रीराम तिमल्सिनाले बताउनु भयो । 'कसैको सोर्सफोर्समा छुट्छु भनेर कसैले नसोच्दा हुन्छ, जो सुकै होस् कानुन बमोजिम कार्बाही गर्नेछु ।' प्रहरी निरीक्षक मिमल्सिनाले बताउनु भयो ।

साथै, बैठकले बैंक तथा वित्तीय संस्थाहरूलाई व्यवस्थित रुपले १० बजेदेखि २ बजेसम्म मात्र कारोबार गरिदिन आग्रह गरेको छ । साथै, स्थानीय बजार व्यवस्थापन समिति, अटो व्यवसायी संघ, बैंक तथा वित्तीय संस्थाका प्रमुखहरूको बैठक राखी निषेधाज्ञालाई पूर्ण रुपमा पालना गराउने सम्बन्धी छलफल समेत गर्ने निर्णय भएको छ ।

# जोर विजोर प्रणाली



◆ विकास संवाददाता

मकवानपुरमा यातायातमा जोर बिजोर प्रणाली पुन:लागु गरिएको छ । कोरोना संक्रमितमा कमि आएसँग निषेधाज्ञाको स्वरूप परिवर्तन गरी यसअघि हटाइएको बिजोर प्रणाली पुनःकायम गरिएको मकवानपुरका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले बताएका छन् । आगामी सोमबारबाट जिल्लामा चल्ने सबै खाले सार्वजनिक यातायात तथा निजी सवारीमा जरूर बिजोर प्रणाली पुनः कायम भएको हो ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरमा बसेको कोभिड व्यवस्थापन केन्द्रको बैठकले संक्रमित बढेकोले निषेधाज्ञा एकसाता थप्दै सार्वजनिक यातायात सहित सबै खाले यातायातमा जोर विजोर प्रणाली पुन:लागु गरिएको प्रजिअ पाण्डेले प्रष्टखबरलाई जानकारी दिए । सार्वजनिक यातायात संचालन गर्ने अवधी भने विहान ६ बजेदेखि साँझ ७ बजेसम्म कायम रहने प्रशासनले जनाएको छ ।

# मास्क नलगाई हिडे सय रुपियाँ जरिवाना




संक्रमणलाई बढ्न नदिन मास्क नलगाई हिड्ने जरिवाना

◆ विकास संवाददाता

मकवानपुरमा पछिल्लो ३ महिनाबाट जारी निषेधाज्ञामा २५ साउनदेखि पुनः निषेधाज्ञा कडा हुने भएको छ । कोरोना संक्रमण बढ्नुको साथै संक्रमणको जोखिम उच्च बढेको भन्दै मकवानपुरभित्र चल्ने निजी तथा सार्वजनिक सवारीमा जोर बिजोर प्रणाली लागू गर्ने गरिने भएको छ ।

यसैगरि संक्रमणलाई बढ्न नदिन मास्क नलगाई हिड्ने व्यक्तिलाई १ सय रुपियाँ जरिवाना गराउने तयारी पनि रहेको जिल्ला प्रहरी कार्यलय मकवानपुरका निमित्त प्रहरी प्रवक्ता देबेन्द्र दासले जानकारी दिनुभयो । जिल्ला प्रशासन कार्यालय मकवानपुरको जिल्ला कोभिड संकट व्यवस्थापनले पछिल्लो पटक थप गरेको निषेधाज्ञा साउन ३२ गतेसम्म रहने छ ।

बैठकले पसल खुल्ने समय घटाइएको छ । बैठकले अत्यावश्यक उपभोग्य बस्तु खाद्यान्य, मान्छा, मासु, तरकारी, फलफुल, दुध, पानी अण्डा पसलहरू बिहान ५ बजेदेखि बिहान १० बजेसम्म खोल्न पाईने र गरैखाद्यान्य तथा अन्य पसलहरू दिउँसो १२ बजे देखि बेलुका ४ बजेसम्म संचालन गर्ने दिने निर्णय गरेको छ । यसैगरि बैंक तथा वित्तीय संस्थाहरू भने बिहान १० बजेदेखि दिउँसो २ बजेसम्म संचालन गर्न अनुमति दिएको छ ।

# प्रथम र द्वितीय हुने मनिषा र प्रजितालाई सम्मान

◆ विकास संवाददाता

त्रिभुवन विश्वविद्यालय अन्तर्गत ब्याचलर अफ बिजनेस म्यानेजमेन्ट (बीबीएम) संकायको पाँचौं सेमेष्टरको परीक्षामा मकवानपुर बहुमुखी क्याम्पसबाट नेपाल प्रथम र द्वितीय हुने मनिषा र प्रजितालाई सम्मान गरिएको छ ।

शुक्रवार मकवानपुर बहुमुखी क्याम्पसले राखेको बधाई र सम्मान कार्यक्रममा (बीबीएम) संकायको पाँचौं सेमेष्टरको परीक्षामा प्रथम हुने मनिषा लुईंटेल र द्वितीय हुने प्रजिता सुवेदीलाई सम्मान गरिएको हो । साथै उक्त सेमेष्टर मा अध्यापन गराउने प्राध्यापकहरूलाई समेत खाँदा र सम्मानपत्र प्रदान गरिएको हो ।

लुईंटेलले बीबीएम संकायको पाँचौं सेमेष्टरमा ३.९ एसजिपिए प्राप्त गर्दै नेपाल प्रथम भएकी हुन् । त्यस्तै प्रजिता सुवेदीले ३.८८ एसजिपिए सहित नेपाल द्वितीय भएकी हुन् ।

सम्मान कार्यक्रमका प्रमुख अतिथी प्रदेश सभा सांसद प्रेम बहादुर पुलामीले अबका दिनमा यस्तै उत्कृष्ठ नतिजाको आशा रहेको बताए । त्यस्तै मकवानपुर बहुमुखी क्याम्पस सञ्चालक समितिको अध्यक्ष तथा संविधान सभा सदस्य अनन्त पौडेलले नतिजा उत्कृष्ठ आइरहने वातावरण बनाइराख्ने कसरी त्यसमा ध्यान दिन आवश्यक रहेको बताए ।


## वर्षातको समयमा सावधानी अपनाऔं ।

- वर्षातको समयमा बाढी, पहिरो डुवानजस्ता प्राकृतिक प्रकोपबाट ठूलो धनजनको क्षति हुन सक्छ ।
- बाढी पहिरो डुबनाको जोखिम हुने स्थानहरुमा बस्ती नबसालौं ।
- वर्षातको समयमा हुने बाढी पहिरो जस्ता जोखिम स्थानहरुको पहिचान गरी सूसुचित गराऔं ।
- स्थानीय स्तरमा आपतकालिन केन्द्रहरुको स्थापना गरी उद्धार टोली र राहत सामाग्रीको जोहो गरौं ।
- विपदको समयमा आपतकालिन केन्द्रमा तुरुन्त खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# मकवानपुरगढीमा छैठौं पुस्तकालय

◆ विकास संवाददाता

मकवानपुरको मकवानपुरगढी गाउँपालिकामा पुस्तकालय स्थापना गरिएको छ । पुस्तकालय अभियान समूह मकवानपुरको सहयोगमा मकवानपुरगढी गाउँपालिका-३, मक्रान्चुलीमा प्रजातान्त्रिक सामुदायिक पुस्तकालय स्थापना गरिएको हो । पुस्तकालय अभियान समूह मकवानपुरले पुस्तकालयलाई ५० हजार रूपैयाँ बराबरको १ सय ५१ थान पुस्तक हस्तान्तरण गर्नुका साथै पुस्तकालय उद्घाटन गरिएको हो ।

प्रजातान्त्रिक सामुदायिक पुस्तकालयका संयोजक भोलानाथ दाहालको अध्यक्षता एवम् मकवानपुरगढी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामकुमार पुडासैनीको प्रमुख आतिथ्यमा भएको पुस्तकालय उद्घाटन कार्यक्रममा मकवानपुरगढी गाउँपालिका ३ नम्बर वडा अध्यक्ष भागवत घिमिरेको विशेष आतिथ्य रहेको थियो । पुस्तकालय उद्घाटन कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत पुडासैनीले पालिकाका सबै वडामा पुस्तकालय स्थापना गर्न पालिकाले चालु आर्थिक बर्षमा योजना बनाएको बताउनुभयो । बालमैत्री पालिका घोषणा भएपछि हरेक वडामा बालउद्यान निर्माणसँगै बालउद्यान परिसरमै पुस्तकालय पनि स्थापना गर्ने योजना रहेको पुडासैनीले जानकारी दिनुभएको छ । वडा अध्यक्ष भागवत घिमिरेले पुस्तकालयको उचित व्यवस्थापन र सञ्चालनमा वडा कार्यालयले सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको छ । मकवानपुरगढी गाउँपालिकाको दलित समन्वय समितिकी उपाध्यक्ष मानकुमारी नेपालीले पठन संस्कृतिको विकास गर्न पुस्तकालय स्थापना गर्ने अभियानको प्रशंसा गर्नुहुँदै महिलाले शिक्षा हालिस गर्ने वातावरण निर्माण गर्नुपर्ने औंल्याउनुभयो । यसअघि अभियानले मकवानपुर जिल्लाबा विभिन्न स्थानमा ५ वटा पुस्तकालय स्थापना गरिसकेको छ । जिल्लाका सवै पालिकामा पुस्तकालय



स्थापनापछि वडा तहमा पुस्तकालय अभियान सञ्चालन गरिने बताइएको छ । पुस्तकालय अभियान समूह मकवानपुरका सदस्य रमेशप्रसाद लामिछानेले पुस्तकालय अभियानले पठन संस्कृतिको विकासमा योगदान गर्ने विश्वास व्यक्त गर्नुभयो ।

पुस्तकालय अभियानकै सदस्य समेत रहनुभएका वरिष्ठ पत्रकार प्रताप विष्टले अभियानको सहयोगमा स्थापित पुस्तकालयको संरक्षण, विकास र प्रयोग हुनुपर्नेमा जोड दिनुभयो । पुस्तकालय अभियान समूहका सदस्य कैलाश धितालले पुस्तकालय अभियानका बारेमा जानकारी गराउनुभएको थियो । प्रजातान्त्रिक पुस्तकालयका संयोजक भोलानाथ दाहालले पुस्तकालयलाई व्यवस्थित रूपमा सञ्चालन गरिने बताउनुभएको छ ।

पुस्तकालय अभियान समूहमा आवद्ध भई हेटौंडा-६ का वडा अध्यक्ष अर्जुन प्रसाद चौलागाई, वडा सदस्य राजकुमार बास्तोला, ँशगोपाल माविका प्रधानाध्यापक रमेश प्रसाद लामिछाने, हेटौंडा-६ का भीमसेन पौडेल, केशव धिताल, पूर्णभद्र चौलागाई, राजु गुरूङ, देवराज गौतम, विजय पौडेल, र भरत सापकोटाले जनही ५ हजार रूपैयाँ सहयोग गरेका छन् । मकवानपुरगढी गाउँपालिकामा प्रजातान्त्रिक सामुदायिक पुस्तकालयलाई सहयोग गर्ने व्यक्तिहरू पुस्तकालय अभियान समूहको सहयोगमा स्थापित हेटौंडा-६, शान्ति टोलस्थित शान्ति पुस्तकालयका सदस्यहरू हुनुहुन्छ ।

गत जेठ २९ गते हेटौंडा-७, नागस्वतीमा समृद्ध पुस्तकालय स्थापना गरेर सुरू भएको अभियानले हेटौंडा-६ मा शान्ति पुस्तकालय, बकैया गाउँपालिकामा बकैया सार्वजनिक पुस्तकालय, भीमफेदी गाउँपालिकामा ज्योति पुस्तकालय र मनहरी गाउँपालिका-७, मनहरी बजारमा मनहरी सामुदायिक पुस्तकालय स्थापना गरिसकेको छ ।

# युवाको सक्रियतामा टोल विकासलाई सिमेन्टको कुर्सी

◆ विकास संवाददाता

हेटौंडा-८ कमानेमा युवाहरूको सक्रियतामा त्यहाँ स्थित एक टोल विकास



संस्थालाई सुमेन्टको कुर्सी सहयोग गरिएको छ ।

स्थानीय युवा व्यवसायी अच्युतम पौडेलको सक्रियता तथा नेपाल विद्यार्थी संघका पूर्व केन्द्रीय सदस्य भूपेन्द्र कोइरालाको पहलमा स्वर्गीय श्रीमती चित्र कुमारी गुरूङ, स्वर्गीय श्रीमती कमला पौडेल, स्वर्गीय चिन्तामणी कोइराला एवम श्रीमती भक्त कुमारी कोइरालाको स्मृतिमा करिब २५ हजार बराबरको ३ थान सिमेन्टको कुर्सी श्रमिक टोल टोल बिकास संस्थानलाई सहयोग गरिएको हो । उक्त कुर्सी शनिबार बिहान टोल विकास अध्यक्ष इन्द्र प्रसाद ढुङ्गेललाई हस्तान्तरण गरिएको छा टोल विकासलाई व्यवस्थित गर्न र वाटोमा आवतजावत गर्ने वटुवालाई विश्राम गर्न मद्दत पुगोस भन्ने उद्देश्यले स्वर्गीय परिवारको समन्वयमा टोल विकास संस्थालाई कुर्सी सहयोग गरिएको पौडेलले बताए ।

कुर्सी हस्तान्तरण कार्यक्रममा तरूण दल हेटौंडा-८ का अध्यक्ष राम थापा,संचारकर्मी गंगा पौडेल कांग्रेस नेता नारायण सुवेदी, टोल विकासका पदाधिकारी लगायत स्थानीय युवाको उपस्थिति रहेको थियो ।


नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

सामाजिक सुरक्षा परिचयपत्र
नवीकरण सम्बन्धी अत्यन्त जरूरी सूचना



जेष्ठ नागरिक — एकल महिला — अशक्त/अपाङ्ग — लोपोन्मुख जाति — बालबालिका

सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले २०७८ साल श्रावण १ गतेदेखि २०७८ भाद्र मसान्तसम्म आफ्नो स्थायी ठेगाना रहेको वडामा लाभग्राही स्वयं वा संरक्षक/माथवर उपस्थित भई अनिवार्य रुपमा परिचयपत्र नवीकरण गरौं ।

तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन ।

थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर मकवानपुर


● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी